मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १८७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ २३ गते शुक्रबार (Friday, June 5. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

विपद्मा पनि सेवामा सक्रिय
छ मारवाडी समुदाय : पृष्ठ ४





**किसानलाई धान थन्काउन चटारोः** थ्रेसरको सहायताले चैते धान झार्दै झापा, कमल गाउँपालिका वडा नम्बर-७, गेउरियाका किसान । **तस्वीरः यज्ञराज आङ्देम्बे/रासस**

## बिर्तामोड-१मा साढे चार करोडको सडक

**तुलसीप्रसाद निरौला**

**बिर्तामोड, जेठ २२।** सरकारले लकडाउनको समयमा पनि विकास निर्माणको कामलाई निरन्तरता दिने निर्णय गरेसंगै झापामा पनि विकास निर्माणका काम धमाधम भइरहेको छ ।

कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमणको जोखिमका बीच पनि सामाजिक दुरी अपनाउँदै सुरक्षाका सामग्री प्रयोग गरेर विकास निर्माणका कामलाई निरन्तरता दिन थालिएको हो ।

यसैवीच विर्तामोड वडा नम्बर १मा सडक कालोपत्रे गर्न र पेवर्स बिछ्याइने कार्य शुरु गरिएको छ । बिर्तामोड-१को अतिथि सदनबाट पश्चिम र बिर्तामोड आँखा अस्पतालको नजिक, पूर्वपश्चिम राजमार्गबाट उत्तर जगत मार्ग, वरपीपलचोकसम्म लोकतान्त्रिक मार्गबाट पञ्चकन्या धर्मकाँटासम्मको सडक कालोपत्रे र पेवर्स बिछ्याइने भएको हो ।

विर्तामोड-१को अतिथि सदनबाट पश्चिमको ५ सय ५० मिटर दूरीको सडकमा पेवर्स बिछ्याइने र बिर्तामोड आँखा अस्पतालको नजिक, पूर्वपश्चिम राजमार्गबाट उत्तर जगत मार्ग, वरपीपलचोकसम्म लोकतान्त्रिक मार्गबाट पञ्चकन्या धर्मकाँटासम्मको एक हजार १ सय ५० मिटरको सडक कालोपत्रे हुने भएको हो ।

उक्त सडक चार करोड ५१ लाख रुपैयाँको लागतमा निर्माण हुने भएको हो । संघीय सरकारको दूई करोड



र अन्य रकम बिर्तामोड नगरपालिकाको सपपुरक शीर्षकबाट उपलव्ध भएको बिर्तामोड नगर पालिका वडा नं. १का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले बताए । वडा नं. १का वडाध्यक्ष अग्निप्रसाद पाण्डेको अध्यक्षता तथा विर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईंको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । उक्त सडक निर्माण कार्यको शिलान्यास विर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईंले गरेकी थिइन् । कार्यक्रममा उपप्रमुख प्रसाईंले समयमै गुणस्तरीय काम सम्पन्न गर्न निर्माण कम्पनीलाई आग्रह गरिन् ।

कार्यक्रममा नेकपा बिर्तामाड नगर सहइञ्चार्ज हरिप्रसाद ओझा, नेपाली कांग्रेस वडा नं. १का वडा सभापति नगेन्द्र बस्नेत, राप्रपा वडा नं. १का उपाध्यक्ष सन्तोष कडरियालगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा बिर्तामोड नगरपालिका वडा नंम्वर १ का वडाध्यक्ष तथा बिर्तामोड नगरपालिका प्रबक्ता अग्निप्रसाद पाण्डेले उक्त सडक निर्माणको गुणस्तरमा कुनै सम्झौता नगरिने बताए । कार्यक्रममा सडक निर्माणको जिम्मा पाएको बिर्तामाड-५को सरोज निर्माण सेवाका सञ्चालक भीमचन्द्र भट्टराईले स्टमेट अनुसार गुणस्तरीय काम गर्ने प्रतिबद्धता जनाएका थिए । कार्यक्रमको सञ्चालन बिर्तामोड वडा नम्बर १का सदस्य प्रेमकुमार खरेलले गरेका थिए ।

यसैवीच सडक निर्माणको अनुगमन गर्न र सडक निर्माणसँग सम्बन्धित समस्या आए समाधान गर्न

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना भाइरस नेपालमा ‘२५ हजार नाघ्न सक्ने’ आँकलन

**झापा, जेठ २२।** नेपालमा एक साताअघि सरकारी स्वास्थ्य अधिकारीहरूले कोरोनाभाइरसबाट ५,००० मानिस सङ्क्रमित हुन सक्ने आकलन गरेका थिए । सङ्क्रमण पुष्टि हुने क्रम बढेपछि उनीहरूले पुनः समीक्षा गरेर उक्त संख्या पाँचगुना बढी हुन सक्ने बताएका छन् ।

सङ्क्रमण वृद्धि हुने गति यसरी नै चलिरह्यो २५,००० भन्दा बढी मानिसलाई कोभिड-१९ हुन सक्ने देखिएको स्वास्थ्य सेवा विभागका महानिर्देशक महेन्द्रप्रसाद श्रेष्ठले बताए । पाँच हजार सङ्क्रमित हुने अनुमानमा स्वास्थ्य सामग्री खरिद गर्न खोजिएकोमा अब त्यो परिवर्तन भइसकेको छ- उनले भने- एक महिनाभित्रै ५,००० नाघ्ने देखेर मन्त्रालयमा नयाँ रणनीति बनिरहेको छ ।

सरकारले कोभिड-१९ सँग संघर्ष गर्न यसअघि ल्याएको एउटा विपद् व्यवस्थापन योजनामा सङ्क्रमितको सङ्ख्या २,००० नाघ्दा सङ्क्रमणको अवस्था ‘दोस्रो तह’मा पुग्ने र ‘जनस्वास्थ्य सङ्कटकाल’ घोषणा गर्न सकिने उल्लेख छ । त्यस्तो अवस्थामा पाँच प्रतिशत सङ्क्रमितलाई अस्पतालमा सघन स्वास्थ्य सेवा चाहिने र १५ प्रतिशतजतिलाई बाहिरबाट अक्सिजन दिएर कृत्रिम रूपमा श्वासप्रश्वास गराउनुपर्ने हुनसक्ने उक्त योजनामा उल्लेख छ ।

**कस्तो वृद्धि ?**

नेपालमा पहिलो सङ्क्रमित फेला परेको दुई महिनापछि दोस्रो व्यक्तिमा कोभिड-१९ पुष्टि भएको थियो । तर जेठ १५ देखि जेठ २० सम्ममा १,००० सङ्क्रमित फेला परेपछि पाँच दिनमाा कुल संख्या दोबर भयो ।

सरकारले अहिले सम्भावित वृद्धिको गणितीय आकलन गरिरहेको जनाउँदै विभागका महानिर्देशक श्रेष्ठले त्यसपछि अधिकतम संख्या स्पष्ट रूपमा प्रक्षेपण गर्न सकिने बताए । सरुवा रोग तथा जनस्वास्थ्यविज्ञहरू सक्रिय अवस्थामा रहेका सङ्क्रमितको संख्याका आधारमा सङ्क्रमितको अधिकतम् संख्या प्रक्षेपण गर्न सकिने बताउँछन् ।

विभिन्न देशमा गरिएका अध्ययनहरूले एउटा ङ्क्रमित व्यक्तिले अन्य पाँच जनासम्मलाई कोरोनाभाइरस सार्न सक्ने सङ्केत गरेका छन् । विगत केही सातादेखि पुष्टि भएका अधिकांश सङ्क्रमितहरू क्वारन्टीनमा भएका व्यक्ति भएको सरकारको भनाइ छ । अहिलेसम्म क्वारन्टीनमा रहेका मानिसहरूलाई नमूना जाँचमा प्राथमिकता दिएकाले बाहिरको चित्र हामीलाई थाहा छैन । पाँच हजारजति सङ्क्रमण त अहिलेकै सक्रिय घटनाले सारेको हुनसक्छ- त्रिभुवन विश्वविद्यालय अन्तर्गतको केन्द्रीय सूक्ष्मजीव विज्ञान विभागका प्रमुख डा. मेघराज बन्जाराले बीबीसीलाई भने । क्वारन्टीनको गुणस्तर कमजोर भएको अवस्थामा त्यहींभित्र नै भाइरस नराम्ररी फैलिएको पनि हुनसक्छ । तर त्यहाँ समयमै कदम चालेको अवस्थामा मात्र समुदायमा धेरै सङ्क्रमण फैलिने अवस्था रोक्न सकिने हो ।

अहिले नेपालमा डेढ लाखभन्दा बढी मानिस क्वारन्टीनमा छन् । तर धेरै स्थानका क्वारन्टीनमा पर्याप्त सरसफाइ हुन नसकेको र रोग फैलिन सक्नेगरी धेरैलाई एकैठाउँमा राखिएको गुनासाहरू आएका छन् । क्वारन्टीनमा भएका धेरै मानिसको जाँच हुन बाँकी रहेकाले गणितीय आकलनभन्दा वास्तविक स्थिति झन् खराब हुनसक्ने विज्ञहरूको आशङ्का छ । बुधवार साँझसम्मको तथ्याङ्क अनुसार

(बाँकी अन्तिम पृष्ठमा)

## आगलागीबाट दुई जनाको मृत्यु

**सुनसरी, जेठ २२।** सुनसरीको धरान उपमहानगरपालिका-१५ सिद्धकाली चोकमा रहेको नरबहादुर श्रेष्ठको घरमा आगलागी हुँदा दुई जनाको मृत्यु भएको छ ।

अचानक आगलागी हुँदा ८७ बर्षीया धनमाया श्रेष्ठ र ५८ बर्षीया सीता श्रेष्ठको आगोले जलेर मृत्यु भएको इलाका प्रहरी कार्यालय धरानले जनाएको छ । उक्त आगलागी नेपाल प्रहरी, सशस्त्र प्रहरी र धरान तथा इटहरीबाट गएको दमकलको सहयोगमा नियन्त्रणमा आएको तथा अन्य थप अनुसन्धानका साथै मृतकको कानूनी प्रकृया भइरहेको उक्त कार्यालयले जनाएको छ ।

## गाई काटेको आरोपमा एक जना पक्राउ

**मोरङ, जेठ २२।** मोरङको बिराटनगर महानगरपालिका-१७ का २८ बर्षीय सोहिल मियालाई गाई काटेको आरोपमा पक्राउ गरिएको छ ।

स्थानीय शौरभ मियाको घरमा गाई काटिरहेको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले १० केजी मासुसहित मियालाई पक्राउ गरेको हो । घटनामा संलग्न रहेका अन्य दुई जना तत्काल फरार

(बाँकी अन्तिम पृष्ठमा)




## झापामा कोरोना संक्रमित १२४ पुगे

**भद्रपुर, जेठ २२।** झापामा बिहीबार थप पाँच जनामा कोरोना संक्रमण पुष्टि भएको छ । भद्रपुरका दुई र कचनकवलका तीन जनामा कोरोना पुष्टि भएको हो । योसँगै जिल्लामा कोरोना सङ्क्रमितको संख्या १२४ पुगेको छ ।

कोसी अस्पताल विराटनगरमा गरिएको पिसीआर रिपोर्टमा पाँच जनामा कोरोना संक्रमण पुष्टि भएको झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरले जानकारी दिए । कलवलगुरी प्रशिक्षण केन्द्रको क्वारेन्टाइनमा बसेकामध्ये भद्रपुर वडा नम्बर १का ५६ वर्षीय पुरुष र ३ नम्बर वडाका १९ वर्षीय पुरुषमा कोरोना भेटिएको भद्रपुर नगरपालिका मेयर जीवनकुमार श्रेष्ठले जानकारी दिए । कलवलगुरीकै क्वारेन्टाइनमा बसेका कचनकवल ६ नम्बर वडाका ४५ वर्षीय पुरुषमा कोरोना भेटिएको उनले बताए । उनीहरू सबै भारतबाट आएका हुन् ।

त्यस्तै कचनकवलमा पनि दुई जनामा कोरोना पुष्टि भएको छ । पथरिया माविको क्वारेन्टाइनमा बसेकाहरूको दोस्रो पटक स्वाब परीक्षण गर्दा दुई जना संक्रमण पुष्टि भएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख जागेश्वर यादवले जानकारी दिए । कोरोना पुष्टि भएकाहरू ६ नम्बर वडाका १७ वर्षीय पुरुष र ४ नम्बर वडाका २५ वर्षीय पुरुष रहेका छन् ।

पथिरयामा माविमा बसेका २३ जनाको स्वाब दोस्रोपटक परीक्षणका लागि पठाएकोमध्ये १९ जनाको रिपोर्ट आएको हो । त्यसमध्ये दुई जनामा पोजेटिभ र अन्यको रिपोर्ट नेगेटिभ आएको हो । चार जनाको रिपोर्ट आउन बाँकी रहेको उनले बताए । दोस्रो पटकमा दुई जना कोरोना भेटिएको त्यही क्वारेन्टाइनमा बसेकाहरूको पुनः आरडीटी र पीसीआर परीक्षण गरिने

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **‘कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष’** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



# विपद्‌मा पनि सेवामा सक्रिय छ मारवाडी समुदाय



**दीपक अग्रवाल: पूर्वअध्यक्ष, मारवाडी युवा मञ्च, बिर्तामोड**

**विपद्‌को यो क्षणमा के गर्दै हुनुहुन्छ ?**

- मुलुकमा देखिएको कोरोना भाइरस कोभिड-१९को संक्रमणका कारण अहिले मुलुक लकडाउनमा छ। यो बेला हामी सबैले लकडाउनलाई पालना गर्दै सरकारको आग्रहलाई मान्नुपर्ने हुन्छ। विश्वमा देखिएको महामारीबाट अब नेपाल अछुतो रहेन। नेपालमा पनि दुई हजारभन्दा बढी मानिस प्रभावित छन् भने १० जनाले ज्यान नै गुमाएको अवस्था छ। नेपालमा बढ्दो संक्रमणका कारण लकडाउनलाई पालना गर्नुको विकल्प पनि छैन। तसर्थ अहिले आफू कसरी सुरक्षित रहने र अरुलाई पनि कसरी सुरक्षित राख्ने भन्ने विषय नै अहिलेको प्रमुख प्राथमिकताको विषय हो। अहिले म लकडाउनको पूर्ण पालना गर्दै बसेको अवस्था हो। तथापि सामाजिक दूरी कायम गरी विभिन्न ठाउँमा रहेका मजदुर, निम्नबगीय मानिसका लागि जे जस्तो सकेको सहयोग गरिरहेको छु। यो अफ्ट्यारो अवस्थामा मुलुक गुज्रिरहेको बेला बेला खाद्यान्न अभावले भोकभोकै भएका बिर्तामोड क्षेत्रका केही मानिसहरुलाई सकेको सहयोग गर्दैछु। त्यसका अलवा पुस्तक पढ्ने, परिवारसंग बसेर आफूभन्दा अग्रजसँग ज्ञानगुनका कुरा सिक्ने र नानीहरुलाई सिकाउने कार्यमा दिनचर्या बितरहेको छ।

**मारवाडी युवा मञ्च सामाजिक क्षेत्रमा क्रियाशील संस्था हो, अहिले यो संस्थाले के गर्दैछ ?**

- म युवा मञ्चको पूर्वअध्यक्ष हुँ। युवा मञ्चले पनि सहयोगी भूमिका निर्वाह गरिरहेकै छ। विश्वभरी कोविड-१९को महामारी फैलिएको यो विसम् परिस्थितिमा आम नागरिकलाई यस महावारीबिरुद्ध अपनाउनुपर्ने नियम पालना गर्नलाई सचेतना गराइयो र निःशुल्क मास्क वितरणका कार्यक्रमहरु गरिएको छ। साथै बिर्तामोड नगरको विभिन्न ठाउँमा हात धुनका लागि पानीट्याङ्की तथा साबुनको व्यवस्थापन मारवाडी युवा मञ्च बिर्तामोडद्वारा गरएको छ।

**मारवाडीहरु आफैंमा सहयोगी र उदार हुन्छन् अझ विपदमा सबैतिर सहयोग गर्दै आएका पनि हुन्छन्। अहिले कोभिडका कारण मुलुक लकडाउनमा छ। यो अवस्थामा विपन्न परिवारमा सहयोग गर्‍यो या गरेन मारवाडी युवा मञ्चले ?**

- हामीले जे जति सकेको गरिरहेकै छौं। म मारवाडी युवा मञ्चको साथै राउण्ड टेबल बिर्तामोडको पनि मेम्बर हुँ। मारवाडी युवा मञ्च मात्र होइन राउण्ड टेबल बिर्तामोडले समेत यो लकडाउनका बेला बिपद्को यो अवस्थालाई मध्यनजर गर्दै कोरोनाबाट बच्नका लागिसकेको आवश्यकीय सामग्रीसहित राहत बितरन गरिरहेकै छौ।

**तपाई मारवाडी युवा मञ्चको पूर्व अध्यक्ष हुनुहुन्छ। यहाँले आफ्नो कार्यकालमा के-के काम गर्नुभयो ?**

- मेरो कार्यकालमा विभिन्न सामाजिक क्रियाकलापहरु भएका थिए। झापाको बरदाशी गाउँपालिकाको डाँगीवारीमा ५०० परिवारलाई निःशुल्क लत्ताकपडा वितरण गरिएको थियो। तराईमा बढेको गर्मीको समयमा प्रथम वर्ष देवी पथीभरा इन्दुस्त्री तथा द्वितीय वर्षमा डालमिया तथा मेगा कम्प्लेक्स सहकार्यमा तीन महिनासम्म बिर्तामोडको दुर्गा मन्दिर प्रांङ्गण तथा मेगा कम्प्लेक्सको प्राङ्गणमा निःशुल्क चिसो पिउने पानी वितरण गरिएको थिया। उक्त कार्यक्रममा २०,००० भन्दा बढी सर्वसाधारणहरुले राहत पाएका थिए। यसैगरी नेपालीहरुको महान चार्ड विजयदशमीको उपलक्ष्यमा अपाङ्ग बाल आश्रमका बालबालिकाहरुलाई उनीहरुको स्वेच्छाले बिर्तामोड बजारबाट लत्ताकपडा, जुत्ता, खेलकुद सामग्री इत्यादि किनमेल गरिएको थियो। मारवाडी समुदायको कला तथा संस्कृतिको संरक्षण तथा प्रवर्द्धनको उद्देश्यले नवरात्रीको अवसरमा डाण्डीया नाँचको आयोजना गरिएको थियो। बिर्तामोडस्थित परोपकार वद्धाश्रममा खाद्यान्न सामग्री तथा फलफूल वितरण गरएको थियो।

यसैगरी झापा जिल्ला कारागारमा पनि त्यहाँ रहेका कैदी बन्दीहरुको आवश्यकता अनुसार वाटर फिल्टर, हिट फोम, सेनिटेरि प्याड, डस्टबीन इत्यादि वितरण गरिएको थियो। यसका साथै हिन्दूहरुको महान चाड होलीको उपलक्ष्यमा सम्पूर्ण मारवाडी समुदायलाई एकैसाथ जोड्ने उद्देश्यले बलम पिचकारी कार्यक्रमको पनि आयोजना गरिएको थियो। यस्तै विभिन्न सामाजिक क्रियाकलापहरुमा मारवाडी युवा मञ्च सदैव अग्रसर रहदै आएको छ।

**अबका भावी योजना के छन् ?**

- बिर्तामोडमा रहेका सम्पूर्ण मारवाडी युवाहरुलाई एकजुट गरेर अगाडि बढ्दै जाने योजना छ। साथै आउँदो दिनहरुमा पनि विभिन्न सामाजिक क्रियाकलापहरुमा सक्रिय भई मारवाडी युवा मञ्चलाई थप उचाईमा पुर्‍याउने योजना रहेको छ। साथै मारवाडी भाषा, संस्कृति तथा पहिचानलाई पनि संरक्षण गर्ने विभिन्न कार्यक्रमहरु ल्याउने योजना रहेको छ।

**संस्थामा सबै मारवाडी युवालाई समेटिएको छ ?**

- अबश्य पनि। समेट्ने प्रयास गरेका छौ। जो सामाजिक भावना राखेर काम गर्न चाहनु हुन्छ र संस्थान हाक्न सक्ने ल्याकत राख्नुहुन्छ उहाँहरुका लागि युवा मञ्च सँधै स्वागत गर्दछ। संस्थानमा बस्छु भनेर रहर मात्र गरेर केही हुन्न। काम गर्न जोस, जागर, मन, धन सबै भएका साथैहरुलाई नेतृत्व सधै लिन सक्ने वातावरण छ।

**अन्त्यमा के भन्न चाहानुहुन्छ ?**

- मारवाडी युवा मञ्च विशुद्ध सामाजिक संस्थान हो। यो संस्थानले मारवाडी युवाहरुलाइ सँधैभरि हौसला प्रदान गरी समाजमा अगाडि बढाउने सदैव प्रयास गरिरहने छ। सम्पूर्ण मारवाडी युवाहरुलाई एकजुट हुन प्रेरित गरिरहने छ। संस्थानलाई सदैव मेरो साथ र सहयोग रहने छ। म अहिले राउन्ड टेबल बिर्तामोड २७को पनि सदस्य हुँ। यो पनि विशुद्ध व्यवसायी युवाहरुको सस्था हो। काम गर्न कुनै पनि सस्थाको अध्यक्ष नै हुनु पर्छ भन्ने जरुरी छैन। संस्थाका हरेक सदस्यको विशेष भूमिका रहन्छ। हाम्रो राउन्ड टेबल बिर्तामोडका सबै सदस्य साथीहरु जुझारु हुनुहुन्छ। कुनै पनि सामाजिक काम गर्नका निमित्त सम्पूर्ण सदस्यहरुको एकता दर्बिलो छ। भोलिका दिनमा बिर्तामोड क्षेत्रमा आइपर्ने हरेक समस्यामा जुध्नका निम्ति एउटा माहोल उत्पन्न गर्ने क्षमता भएका युवाहरु छन्। बिर्तामोडमा र बिर्तामोडलाई बिकास र समृद्धिको बाटोमा लानका लागि हाम्रो साथ समर्थन सदा रहनेछ। र, अन्त्यमा मलाई यसरी आफ्ना कुराहरु राख्न अवसर दिनुहुने तपाई र तपाइको सिङ्गो टिमप्रति आभारी छु। युवालाई उत्साही बनाउन सञ्चार क्षेत्रको पनि बिशेष भूमिका रहन्छ। तसर्थ पूर्वाञ्चल दैनिक पत्रिका आफैंमा लोकप्रिय छ। अझ यसको उचाई चुलियोस् शुभकामना।

## एसइईबारे एकसाताभित्र निर्णय : शिक्षामन्त्री

**काठमाडौं, जेठ २२।** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई), कक्षा ११ र १२ को परीक्षाका बारेमा एक साताभित्र निर्णय गरिने जानकारी दिएका छन्।

शिक्षा पत्रकार सञ्जाल (इजोन)ले आज आयोजना गरेको भर्चुअल संवादमा उनले ती परीक्षाका विषयमा विभिन्न तीन विकल्पमा अध्ययन भइरहेको र त्यसका बारेमा आगामी साताभित्र निचोडमा पुगिने बताए।

उनले अहिले परीक्षा सञ्चालन गर्न सकिन्छ वा सकिँदैन, परीक्षा सञ्चालन गर्न सम्भव नभए राष्ट्रिय परीक्षा बोर्डले मान्यता दिन कस्तो कानूनी उपाय अवलम्बन गर्नुपर्छ र कक्षा १० को परीक्षालाई नयाँ रूपमा सञ्चालन गर्न सकिन्छ वा सकिँदैन भन्ने विकल्पका मन्त्रिपरिषद्‌ले निर्णय गर्ने जानकारी दिए। उनले बन्दाबन्दीपछि अन्तिममा शिक्षण संस्था नै खुल्ने र त्यतिञ्जेलका लागि अस्थायी समाधान गर्न वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका कार्यान्वयनमा ल्याइएको उल्लेख गरे।

आगामी असार १ गतेबाट विद्यालय खोल्न खोजिएको होइन- उनले भने- तत्कालका लागि विकल्प मात्र हो। ४५ दिनपछि पनि यस्तै अवस्था रहेमा विभिन्न तीन योजनाका साथ अगाडि बढ्नेछौं। दशौं अगाडि कसरी जाने र दशौं पछाडि कसरी जाने भन्ने योजना बन्नेछ। मन्त्री पोखरेलले निर्देशिका कार्यान्वयनमा स्थानीय तहको भूमिका नै महत्वपूर्ण हुने स्पष्ट गर्दै भने- पहिलो १५ दिनको काम हेरौं। सबै विद्यार्थी त्यसबाट लाभान्वित भए त्यसलाई शैक्षिकसत्रसँग जोड्न सकिन्छ र त्यसले औपचारिक मान्यता पाउने छ।

## बन्दाबन्दीले राजश्व संकलन प्रभावित

**विराटनगर, जेठ २२।** आन्तरिक राजश्व कार्यालय विराटनगर हिजोआज सुनसान छ। सेवाग्राहीको उपस्थिति प्रायः शून्य छ। कोरोना भाइरस (कोभिड–१९) सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले लागू गरेको बन्दाबन्दीका कारण कर्मचारी फुर्सदिला छन्। कार्यालयबाट प्रदान गरिने सार्वजनिक सेवा बन्द छ।

बन्दाबन्दी हुनुअघि कामको चापले कर्मचारीलाई भ्याइनभ्याइ हुन्थ्यो। गत चैत ११ गतेदेखि सरकारले नै कार्यालयबाट अत्यावश्यकीय सेवाबाहेकका काम बन्द गरेसँगै अहिले आन्तरिक राजस्व कार्यालय विराटनगरको राजश्व सङ्कलन प्रभावित भएको छ।

गएको चैत महिनामा रु. ९३ करोड राजश्व सङ्कलन गर्ने लक्ष्य लिएको सो कार्यालयले उक्त अवधिमा रु १३ करोड ९२ लाख मात्र राजस्व सङ्कलन गरेको थियो। त्यस्तै वैशाखमा रु एक अर्ब ११ करोड राजश्व सङ्कलन गर्ने लक्ष्य लिएको कार्यालयले रु ११ करोड मात्र राजस्व सङ्कलन गरेको थियो। जेठमा रु. एक अर्ब एक करोड राजश्व सङ्कलन गर्ने लक्ष्य लिएको कार्यालयले जेठको २० गतेसम्म रु. १३ करोड ६१ लाख मात्र राजश्व सङ्कलन गरेको कार्यालय प्रमुख बिमल सापकोटाले जानकारी दिए।

उनका अनुसार चालू आर्थिक वर्षको अहिलेसम्म कार्यालयले रु. एक अर्ब ७६ करोड अन्तःशुल्क, रु. एक अर्ब ३५ करोड मूल्यअभिवृद्धि कर र रु. दुई अर्ब एक करोड आयकर सङ्कलन गरेको छ। बन्दाबन्दीका कारण राजश्व सङ्कलन प्रभावित भएको प्रमुख सापकोटाको भनाइ छ।

## बिर्तामोड-१मा ...

हरिप्रसाद ओझाको संयोजकत्वमा ११ सदस्यीय अनुगमन समिति गठन गरिएको छ। समितिका सदस्यहरुमा हाइकुमार राई (प्रकाश), त्रिलोचन प्रसाईं, नगेन्द्र बस्नेत, प्रकाश खतिवडा, सन्तोष कडरिया, कुलप्रसाद खरेल, राजेन्द्र बस्नेत, राजु बस्नेत, देवकला बराल (बिष्ट) र अर्जुन साउदेन रहेका छन्। त्यस्तै, कानुनी सल्लाहकारमा राजेन्द्र खनाल र कोपिला बस्नेत रहेका छन्।

## कोरोना ...

नेपालमा भाइरस सक्रिय रहेका सङ्क्रमितको संख्या २,००० भन्दा बढी छ।

**प्रधानमन्त्रीको चासो**

बुधवार प्रधानमन्त्री केपी शर्मा ओलीले भाइरसको प्रभावबारे विज्ञहरूसँग छलफल गरेका थिए। उक्त बैठकमा धेरैजसो सरकारी अधिकारीहरूको जोड 'जनतामा त्रास बढओ फैलिएकोले एकखाले सन्देश मात्र बाहिर जानुपर्ने' मा जोड दिएको एक सहभागीले बताए।

प्रधानमन्त्रीले पनि 'सत्य बोल्नुपर्ने वा सत्य बोल्न सक्ने अवस्था नभए नबोल्नुपर्ने' बताएको ती सहभागीले बीबीसीलाई बताए। प्रधानमन्त्रीले आफ्नो एउटा मन्तव्यका क्रममा कुल जनसंख्याको दुई प्रतिशतको जाँच हुने बताएकामा बुधवार कतिपय सहभागीले त्यो संख्या भारत, खाडी राष्ट्र र मलेशियाबाट आउने मानिसहरूलाई नै पर्याप्त नहुने भन्दै ध्यानाकर्षण गराएका थिए।

**समस्या**

नेपालमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले पीसीआर विधिबाट गरिने परीक्षणको परिणाम दिन एक सातासम्म लगाएको बताइन्छ। देशका सबै प्रयोगशालामा एकदिनमा कुल ५,००० वटा नमुना जाँच्ने लक्ष्य राखिएको भए पनि ३,००० वटाको हाराहारीमा मात्र परीक्षण हुन सकेको सरकारी तथ्याङ्कले देखाउँछ। सङ्क्रामक रोग विशेषज्ञ डा. अनुप सुवेदी भन्छन्- सात दिनसम्म ढिलो हुनु भएको भनेको क्वारन्टीन र लकडाउनजस्ता प्रयासको अर्थ नहुनु हो। त्यस्तो सुस्त गतिले यो महामारी नियन्त्रण गर्न सकिँदैन। त्यस्तो सुस्तताले सङ्क्रमित व्यक्तिको संसर्गमा आएका व्यक्ति पहिचान गर्ने प्रक्रिया प्रभावकारी नहुने विज्ञहरूको भनाइ छ। ठूलो संख्यामा प्रयोग गरिएका आरडीटी अर्थात् द्रुत परीक्षण किटले विश्वसनीय परिणाम दिन नसक्ने त्रिभुवन विश्वविद्यालयका डा. बञ्जारा बताउँछन्।

नेपालमा कोरोनाभाइरसको विशेषताबारे अध्ययन गर्न प्रस्ताव गरिएको बताउँदै उनले त्यसबाट 'मानिसमा देखाउने व्यवहार र मृत्युदरबारे' स्पष्ट चित्र थाहा पाउन सकिने बताए। यहाँ पाइएका गम्भीर र साधारण लक्षण देखाएका सङ्क्रमणको अध्ययनले र तिनको अन्य देशसँग तुलना गरेर त्यसलाई प्रतिरक्षा प्रणालीको कसीमा समेत विश्लेषण गर्न सकिनेछ।

नेपालमा केही व्यक्तिको कोभिड-१९वा त्यससँग सम्बन्धित कारण मृत्यु भएको भए पनि अधिकांश सङ्क्रमितको स्वास्थ्यस्थिति सामान्य भएको र गम्भीर लक्षणहरू नदेखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको भनाइ छ। ज्ञजयो छुट्टै अनुसन्धानको विषय भएको विज्ञहरू बताउँछन्। *वीवीसी*

## गाई काटेको...

रहेकोले खोजतलास भइरहेको तथा पक्राउ परेका मियाको सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## झापामा ...

उनको भनाइ छ। यसअघि कचनकवलमा एक सय जना कोरोना संक्रमण भेटिएको थियो।

**पूर्वी पहाडी जिल्लामा एकैदिन संक्रमित भेटिए**

यस अघिसम्म कोभिड-१९का सङ्क्रमित नभेटिएका पूर्वी पहाडका पाँचथर, तेह्रथुम र ताप्लेजुङमा पछिल्लो २४ घण्टामा छ जना सङ्क्रमित भेटिएका छन्। झापाको बुद्धशान्ति गाउँपालिकास्थित बुद्ध आदर्श माध्यमिक विद्यालयको क्वारेन्टिनमा बसेका पाँचथरका एक तथा ताप्लेजुङका तीन जनामा मङ्गलबार साँझ कोरोना सङ्क्रमण भेटिएको थियो। भारतको लखनउबाट आइ क्वारेन्टिनमा बसेका उनीहरुको स्वाबको रिपोर्ट पोजेटिभ आएको हो। बुद्धशान्ति गाउँपालिकाको स्वास्थ्य एकाइका प्रमुख भोलानाथ अधिकारीका अनुसार जेठ १३ गतेदेखि क्वारेन्टिनमा राखिएको उनीहरुको स्वाब सङ्कलन गरी जेठ १४ गते बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको थियो।

बुद्धशान्ति गाउँपालिकास्थित बुद्ध आदर्श माविको क्वारेन्टिनमा उत्तरी झापासहित इलाम, पाँचथर र ताप्लेजुङ घर भइ भारतबाट फर्केकालाई होल्डिङ एरियाका रूपमा प्रबन्ध गरिएको छ। सङ्क्रमितमध्ये पाँचथरका हिलिहाङ गाउँपालिका घर भएका २० वर्षीय पुरुष, ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका घर भएका एक ४० वर्षीय तथा दुई १८ वर्षीय पुरुष छन्। उनीहरु सबैलाई मङ्गलबारै बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको स्वास्थ्य एकाइका प्रमुख अधिकारीले जानकारी दिए।

यस्तै पूर्वी तेह्रथुमको आठराइ गाउँपालिकाको क्वारेन्टिनमा बसेका दुई जनामा समेत कोरोना पोजेटिभ देखिएको छ। उनीहरुमध्ये एक पुरुष तथा एक महिला छन्। प्रदेश नं. १को सामाजिक विकास मन्त्रालयले प्रदेशभरि पछिल्लो २४ घण्टामा १३ नयाँ सङ्क्रमित थपिएकामा दुई तेह्रथुमको आठराइका रहेको पुष्टि गरेको छ। उनीहरुको आरडीटी रिपोर्ट पोजेटिभ आएको स्वाब परीक्षणका लागि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको थियो। झापाबाट पाँचथर हुँदै तेह्रथुम गएका उनीहरुका सङ्क्रमण देखिएपछि यहाँ सतर्कता बढाइएको छ।


## कम्प्युटर खरिद सम्बन्धी दरभाउ-पत्र पेश गर्ने सूचना

**प्रथमपटक प्रकाशितः मिति २०७७/०२/२३**

**यस श्री पशुपति माध्यमिक विद्यालय वाह्रदशी–३, राजगढले कम्प्युटर खरिद गर्नु पर्ने भएकाले इजाजत प्राप्त इच्छुक फर्महरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र विद्यालयले तोकेको नियम अनुसार रकम दाखिला गरी दरभाउ पत्र खरिद गर्न र पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ। सूचनाको विस्तृत विवरण विद्यालयको सूचना पार्टीमा टाँस गरिएको र थप जानकारी लिनु परेका विद्यालय प्रशासनमा सम्पर्क गर्न अनुरोध छ।**

**सम्पर्कः ९८४४६४०३१६/९८०४९२४८३३/९८४२७५०५५७**

**प्रधानाध्यापक**

**पशुपति माध्यमिक विद्यालय, बाह्रदशी –३ राजगढ झापा**



## झापा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**टाघनडुब्बा झापा, १ नं. प्रदेश, नेपाल**

Email: jhapagaunpalika@gmail.com | website: jhapamun.gov.np

## सिलवन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

**प्रथमपटक प्रकाशित मितिः २०७७/०२/२३**

**यस कार्यालयलाई तपसिल बमोजिमको सामग्रीहरु आवश्यकता भएको हुनाले न्यूनतम् मूल्यमा उपलब्ध इच्छुक दर्तावाला फर्महरुले कार्यालयमा यो शिलबन्दी दरभाउपत्र (आवेदन फारम) पेश गर्न हुन पहिलोपटक यो सूचना आव्हान गरिएको छ।**

| क्र.सं. | सामग्री | परिमाण | आवेदन दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १. | Printer Heavy Duty | १.०० | रु. १०००।- | |
| २. | Interactive Board | ७.०० | | |
| ३. | UPS | २१.०० | | |
| ४. | Computer Table | ५५.०० | | |
| ५. | Laptop | १.०० | | |

**प्रमुख प्रशासकीय अधिकृत**



## आकर्षक घडेरी बिक्रीमा

**झापाको अर्जुनधारा–९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला।**

**नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा**

**सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)**



## बिर्तामोड नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल**

## सूचना ! सूचना !! सूचना !!!

बिर्तामोड नगरपालिकाभित्रका सम्पूर्ण बाटाघाटाको नामाकरणसहित अन्तर्राष्ट्रिय स्तरको बैज्ञानिक पद्धती मेट्रिक प्रणलीद्वारा घरहरु नम्बरिङ्ग गरी घरधुरी सर्वेक्षण, शिक्षा, स्वास्थ्य, कृषि, पशु, व्यापार–व्यवसाय, संघ–संस्था, उद्योग, कलकारखाना, सडक, प्राकृतिक, सामाजिक तथा आर्थिक पक्ष आदि सम्बन्धी तथ्याङ्गहरु संकलन गरी सम्पूर्ण विवरण डिजिटल रुपमा संग्रहित गरेर नगरपालिकाको आगामी नीति, कार्यक्रम तथा योजना तर्जुमा गर्ने, नगरबासीलाई सरल, सहज र छिटो सेवा तथा सुविधा प्रदान गर्ने प्रयोजनार्थ नगर क्षेत्रभित्र तथ्याङ्ग संकलन गर्ने काम शुरु भइसकेकोले संकलनकर्तालाई सही तथ्य सूचना तथा तथ्याङ्ग उपलब्ध गराई सहयोग गरिदिनु हुन आम नगरबासीमा अनुरोध छ।

**– बिर्तामोड नगरपालिका**










श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

## जिम्मेवारीबाट भाग्न पाइँदैन

लगातारको बन्दाबन्दीले प्रभावित नेपाली जीवन अब भने साँच्चिकै कहर हुन थालेको छ। यद्यपि सरकारले चैत ११ गतेदेखि कोरोना रोकथामका लागि बन्दाबन्दीको आदेश दिएसँगै हुँदा खाने वर्ग प्रभावित भएको हो। तर, आशा र भरोसा थियो कि गरीब र मजदुरवर्गको प्रतिनिधित्व गर्ने सरकारले निम्नवर्गीय जनताका लागि केही गर्नेछ। कम्तीमा जनताको बाँच्न पाउने अधिकार कुण्ठित हुने छैन। तर, बन्दाबन्दीको अबधि थपिँदै यतिका दिन बितिसक्दा समेत अभिभावक हुनु त टाढाको कुरा उसले संवेदनशीलता पनि देखाउन सकेन। हुँदा हुँदा बुधबार धेरै दिनपछि सार्वजनिक भएका स्वास्थ्य मन्त्रीले आइसोलेसन पनि अस्पतालमा राख्न नसकिने बताएर निरीहता देखाए।

उसो त रोग लाग्नै नदिनु बुद्धिमानी हो। बन्दाबन्दी त्यसकै भरपर्दो उपाय हो। तर यो मात्र समाधान होइन र हुन सक्दैन पनि। कि जनताका लागि आवश्यक उपभोग्यवस्तु सरकारले घर–घरमै पुऱ्याइदिनु पर्थ्यो कि त बेरोजगारी भत्ता दिएर हातमुख जोडिने वातावरण बनाइदिनु पर्थ्यो। केवल स्थानीय सरकारलाई जिम्मेवारी दिएर सरकारले कर्तव्य पूरा गरेको ठहरिन्न। त्यही भएर 'मर्नुभन्दा बहुलाउनु निको' ठानेर जनताले बहत्तर दिनसम्म धैर्य गरे। तर अब धैर्यको बाँध फुट्ने अबस्थामा पुगेको छ।

अत्यन्त सुस्तगतिमा भइरहेको परीक्षणले एकातिर संक्रमण फैलिने डर भएको छ भने अर्कातिर क्वारेन्टीनमै मर्नु परिरहेको छ। त्यो पनि न्यूनतम् सुबिधा नभएको र परीक्षण हुनै नपाएको अबस्थामा। भारतबाट घर आउने क्रम झनै बढ्दै गरेका कारण कोरोना भाइरस नामको अदृश्य शत्रुले कति क्षति गर्ला अनुमान गर्न सकिन्न। बन्दाबन्दीको 'मोडालिटी' फेरिन्छ, केही सहज हुन्छ भन्दाभन्दै यतिका दिन बिते। अत्याबश्यक खाद्यबस्तुका पसल अनियमित नै भए पनि खुलेका छन्। तर मूल्यले सगरमाथा छुन खोज्दैछ। सागसब्जीको मूल्य त्यत्तिकै उच्च भएको छ भने उत्पादक कतिपय किसानले मूल्य नपाएर खाल्डो खनेर पुरेको सञ्जालमा देखिन थालेको छ।

उत्पादित बस्तुको बितरणको उचित प्रबन्ध गर्नु सरकारकै कर्तव्य हो। मूल्यवृद्धि नियन्त्रण गर्दै जनतालाई महंगीको मारबाट जोगाउन पनि सरकारले अघि सर्नु पर्छ। त्यसपछि रोगब्याधिबाट जोगाउनु र लागीसकेको खण्डमा अस्पतालको पहुँचमा पुऱ्याउन पनि उसकै भूमिका रहनुपर्दछ। तर, नेपालीले विपद्को समयमा सरकारको अभिभावकीय भूमिका र संरक्षकत्व अनुभूत गर्न पाएका छैनन्। सम्पूर्ण आर्थिक गतिविधि ठप्प भएका बेला सरकार कर तिर्न उर्दी गर्दैछ। ऋण लिएरै भए पनि बिलासिताका बस्तु जोड्न आतुर सरकार जनताप्रति भने अनुत्तरदायी बनिरहेको छ। अझ परदेशमा रहेका सबै नेपाली घर फिरे भने अबस्था के होला ? सरकार बाबु हो, उसले आफ्नो भूमिका र जिम्मेवारी कुशलतापूर्वक पूरा गर्नै पर्छ। उसका मान्यताहरू छन् भने वयस्क छोराछोरीसँग राख्नु पर्छ। तर कुनै पनि बहानामा समस्याबाट भाग्न पाइँदैन।

# लकडाउनले सिकाएको पाठ



पबु गौतम

> हामीलाई लकडाउनले धेरै कुरा सिकाएको छ तर सरकारी कदम लकडाउन थप्नु बाहेक र कोरोना परीक्षण त्यही पनि सीमित व्यक्तिलाई गर्नु बाहेक जनतालाई राहत हुने खालका कदममा अग्रसर भएको देखिँदैन। जनताले महशुस गर्ने खालका गतिबिधिलाई सरकारले तीब्र बनाउन टड्कारो आवश्यकता छ।

विश्व कोभिड-१९ को संक्रमणले घेरिएको छ। चीनको वुहान सहरमा एक व्यक्तिबाट शुरु भएको कोरोना संक्रमणले आज विश्वको लाखौ मानिसलाई संक्रमित तुल्याएको छ भने लाखौको संख्यामा मानिसको ज्यान पनि लिइसकेको छ। यसमा नेपाल र नेपाली पनि अछुतो रहन सकेनन्। कोरोना संक्रमणलाई रोकथाम र फैलन नदिनका लागि विभिन्न देशले लकडाउनको घोषणा गरे। नेपाल सरकारले पनि यसको पालना गऱ्यो र प्रत्येक नेपालीलाई घरभित्र थन्क्यायो। दुःखको कुरा त के छ भने, एउटा पनि संक्रमित फेला नपर्दै लकडाउन गरिएको मेरो देशमा आज संक्रमितको संख्या झण्डै २३०० को हाराहारीमा पुगेको छ र मृत्यु हुनेको संख्या ९ पुगेको छ। के यसलाई लकडाउनको पूर्ण



पालना भएको भन्न सकिन्छ ? लकडाउनको अन्य मोडालिटी बारेमा बिकल्प नै नदिइकन नेपाल सरकार एकपछि अर्को गर्दै लकडाउनको समयाअवधी थपेको थपै छ।

विश्वभरबाट नेपाल भित्रनेको संख्या दिनप्रतिदिन बढ्दै छ। अझ खुल्ला सीमानाका कारण लुकिछिपी नेपाल भित्रनेले कति मानिसलाई संक्रमित तुल्यायो त्यसको लेखाजोखा छैन। लकडाउन मात्रै समस्याको समाधान भने पक्कै होइन तर सरकारसँग पनि कुनै ठोस् योजना भने छैन। सरकार लकडाउन थपिरहने अनि जनता टुलुटुलु हेरी बस्न बाध्य छन्। लकडाउनले गर्दा घर-घरमा मानिस थुनिएका छन्। हरेक ठूलादेखि सानासम्मका कामकाज गाडीमा ब्रेक लगाए जस्तो गरी टक्क रोकिएको छ। हरेक क्षेत्र शून्य अवस्थामा छन् र हरेकको सपनामा पूर्णबिराम लागेको छ। सरकारले घरभित्र त बसाइदियो तर ति प्रत्येक घरभित्र रहेका मानिसको कौतुहलता, समस्या र तनाब भने दिन दुई गुणा र रात चौ गुणाले बढाइदियो। नेपाल अहिले कोरोनाले त ग्रसित छँदैछ, त्यसमा पनि विभिन्न समस्याहरु एकपछि अर्को गर्दै आइराखेको छ। हालसालै सीमा विवादले नेपाल र नेपालीलाई मात्रै नभइ विश्वलाई नै ततायो। लिपुलेक र कालापानीमा छिमेकी राष्ट्र भारतले गरेको थिचोमिचोको कारण विश्वभरका नेपालीलाई एकताको सुत्रले बाँध्यो। बेला-बेलामा आइरहने यो सीमा विवादले भने कस्तो रुप लिने हो हेर्न बाँकी छ। त्यस्तैमा नेपालमा अर्को घटना घट्यो, अन्तर जातीय प्रेम अनि त्यसले निम्त्याएको जातीय भेदभाव, जसले सामाजिक सञ्जाल त हल्लायो हल्लायो संसद भवन समेत ततायो। घटनामा ६ जनाको ज्यान गयो भने अरु कयौं घाइते भए। यसले रुकुम र जाजरकोटको स्थिति तनाबग्रस्त बन्यो। न्याय हराएको मेरो देशमा पीडितले न्याय र दोषीले सजाय पाउँछन् भन्ने आश धेरैले मारिसकेका छन् किनभने यसभन्दा अगाडि घटेका राजदरबार हत्याकाण्ड होस् या निर्मला पन्तको घटना नै किन नहोस् या अन्य कुनै घटना २/४ दिन चर्चामा आउने अनि सेलाउने हामी सबैमा सर्वविदितै छ।

त्यस्तैमा अर्को कुराले नेपाली जनतालाई निराश तुल्यायो। कुरा हो, आर्थिक बजेटको ! यस्तो तनाब नै तनाबको बीचमा आएको २०७७/२०७८को आर्थिक बजेटमा धेरैले राहत प्याकेज आउँछ भन्ने आस लगाएर बसेका थिए तर त्यो आसा पनि निरासामा परिणत भयो। राष्ट्रपति भवनमा १ करोडको गलैंचा आउने भयो तर नेपाली जनताको भान्सामा भने खाना नपाक्ने स्थिति आइसक्यो। अब विभिन्न क्षेत्रमा विभाजित बजेट पनि कतिको कार्यान्वयन हुने हो भोलिका दिनमा हामीमाझ छर्लङ्ग हुनेनै छ।

अब कुरा गरौ, समग्र शिक्षा क्षेत्रको, कोभिड १९ ले सिर्जना गरेको विषम परिस्थितिका कारणले शिक्षा क्षेत्र पनि प्रभावित भएको छ। यसले गर्दा नयाँ शैक्षिक सत्र शुरु हुन सकेको छैन भने बिद्यालय शिक्षा देखि उच्च शिक्षासम्मका परीक्षाहरु पनि स्थगित भएका छन्। यसैबीच, कतिपय निजी बिद्यालयहरुले आफ्ना नानीबाबुहरुको पढाई र भविष्यको चिन्ता लिएर शुरु गरे अनलाइन क्लास अर्थात भर्चुअल पठनपाठन। कक्षामा किताब अगाडि राखेर शिक्षकको प्रत्यक्ष निगरानीमा राख्दा पनि पढाउन गाह्रो हुन्थियो भने आब यो भर्चुअल क्लास कतिको फलदायी हुने हो र कसरी समान शिक्षा सबैलाई समाबेश गराउने हो, अर्को चुनौतिको बिषय बनेको छ। हुने खानेको छोराछोरीको लागि मात्र नभई हुँदा खानेसम्मका छोराछोरीले समान शिक्षाको अधिकार पाउनुपर्छ भन्ने मेरो व्यक्तिगत धारणा छ।

अन्त्यमा, हामीलाई लकडाउनले धेरै कुरा सिकाएको छ तर सरकारी कदम लकडाउन थप्नु बाहेक र कोरोना परीक्षण त्यही पनि सीमित व्यक्तिलाई गर्नु बाहेक जनतालाई राहत हुने खालका कदममा अग्रसर भएको देखिँदैन। जनताले महशुस गर्ने खालका गतिबिधिलाई सरकारले तीब्र बनाउन टड्कारो आवश्यकता छ।

*(गौतम वीरता लेडी जेसीजकी युवा संयोजक हुन्।)*

# अब कौसी पनि बाँझो नराखौं



पबु गौतम

ललितपुर महानगरपालिका भोल्ढोकाकी रोजिता ताम्राकारको दैनिकी बिहान उठ्नासाथ छतमा गएपछि शुरु हुन्छ। देशमा जारी बन्दाबन्दीमा समयको सदुपयोग गर्दै कौसीखेती शुरु गर्नुभएकी उहाँलाई आफूले रोपेको तरकारीको चिन्ता हुन्छ र बिहान उठ्नेबित्तिकै छतमा पुग्नुहुन्छ। उहाँको वरपरका चार पाँच घर छिमेकीले पनि उहाँले जस्तै कौसीमा तरकारीखेती गरेका छन्। उनीहरु पनि बिहानदेखि साँझसम्म पटक-पटक कौसीमै देखिन्छन्। यी छिमेकीलाई यतिखेर बन्दाबन्दीले दिक्दार लागेको छैन। उनीहरु बन्दाबन्दीको विषयमा होइन कि आ-आफ्नो घरको छतबाटै कसको कुन तरकारी कत्रो र कस्तो भयो भन्ने बारेमा कुराकानी गर्छन्। ताम्राकारले भन्नुभयो- अहिले यो टोलमै सबैको दैनिकी र आपसमा हुने कुराकानीको विषय पनि फेरिएको छ, हामीले अहिले आफ्नै कौसी खेतीको बारेमा कुरा गर्ने गरेका छौं।

ग्रामीण क्षेत्रमा खेतबारी बाँझो राख्नु हुँदैन भनेझैं अहिले शहरी क्षेत्रमा कौसी पनि बाँझो राख्नु हुँदैन भन्ने धारणाको विकास भइरहेको देखिएको छ। हुनत यहाँका मानिसले कौसीमा फलफूल तथा तरकारीखेती पहिल्यैदेखि गर्दै आएका थिए। तर कोभिड-१९को रोकथाम र नियन्त्रणका लागि सरकारले दुई महिना पहिलेदेखि जारी राखेको बन्दाबन्दीले गर्दा काठमाडौं उपत्यकामा कौसीखेती झन मौलाएको छ। घरको छतमा तरकारी फलाउन सकिन्छ भन्ने बुझे पनि सामान्य अवस्थामा व्यस्तताका कारण शुरु गर्न नसकेका नागरिक अहिले फुर्सदको समयको उपयोग गरिरहेका छन्। नेपाल सरकारको नीति तथा कार्यक्रम संसद्मा प्रस्तुत गर्दै राष्ट्रपति विद्यादेवी भण्डारीले हालै कौसी खेतीलाई प्रोत्साहन गरिने बताएपछि उनीहरुमा झनै प्रोत्साहन मिलेको देखिएको छ। काठमाडौं उपत्यकाका स्थानीय सरकारले पनि कौसीखेतीलाई प्रोत्साहित गर्ने कार्यक्रम शुरु गरेका छन्।

कामको सिलसिलामा १२ घण्टाभन्दा बढी समय घर बाहिर बिताउने ताम्राकारले फुर्सदको उपयोग गर्दै कौसीखेती शुरु गर्नुभएको छ। आफू सानो छँदा आमाबुबाले घरसँगैको जग्गामा तरकारी रोपेको मात्र देख्नुभएको उहाँसँग यसअघि तरकारीखेतीको अनुभव भने छैन। उहाँहरु त्यहाँबाट अर्को ठाउँमा सरेपछि आमाबुबाले पनि तरकारी रोप्न छोड्नुभएको छ। उहाँले भन्नुभयो-आफैँले तरकारी फलाएर खानु मेरो लागि जीवनकै पहिलो र नयाँ अनुभव भएको छ।

एउटा निजी कम्पनीमा कार्यरत ताम्राकारको बन्दाबन्दीको पहिलो साता कुनै कामविहीनरुपमा नै यसै बित्यो। त्यसपछिका दिनहरुमा बन्दाबन्दी लम्बिरहँदा कौसीखेती गर्न थालेको उहाँले बताउनुभयो। उहाँले अहिले आफ्नो घरको छतमा लसुन, प्याज, सागलगायतका तरकारी रोप्नुभएको छ। बन्दाबन्दीपछि रोपेकोमध्ये कतिपय तरकारी खाने समय भइसकेको र केही तरकारी केही दिनपछि खान सकिने उहाँले बताउनुभयो। उहाँलाई कौसीखेतीप्रति पहिलेदेखि नै चाह थियो। बिहान ६ बजे घरबाट निस्केपछि कार्यालय सकेर साँझ ८ बजे आउने हुँदा यसका लागि समय मिलाउन सक्नुभएको थिएन। अहिले आवश्यक सामग्री, बीउ र मल घरमै मगाएर आफूलाई इच्छा लागेका तरकारी रोपिरहनुभएको छ। उहाँ कतिपय पुराना अनुभव आमाबुबासँग सिक्नुहुन्छ भने नयाँ सीप र तरिकाबारे युट्युब र गुगलबाट लिनुहुन्छ। उहाँले भन्नुभयो- कति पुराना र कतिपय नयाँ सीप तथा तरिकाहरु गरेर तरकारी रोप्ने, गोडमेल गर्ने आदि गरिरहेको छु, मलाई लाग्छ यस कार्यमा म सफल भइरहेको छु।

ताम्राकारजस्तै काठमाडौंका विज्ञ बज्राचार्यले पनि बन्दाबन्दीमा समय कटाउने उपायका रुपमा कौसीखेतीलाई लिनुभएको छ। यो समयमा आफू भुल्ने र आफूलाई चाहिनेमध्ये थोरै भए पनि तरकारी आफैं फलाउने हुँदा कौसीखेती शुरु गरेको उहाँले बताउनुभयो। गैरसरकारी संस्थामा कार्यरत उहाँ बन्दाबन्दीका समयमा बाहिर निस्केर बिहान, साँझ हिँड्न नपाएकाले तरकारी रोप्दा र गोडमेल गर्दा व्यायामसमेत भइरहेको बताउनुभयो। उहाँको परिवारले दुई वर्ष पहिलेदेखि नै एक दुईवटा गमलामा सिमी र धनियाँ रोप्ने गरेको थियो। अहिले उहाँकी श्रीमती पनि उहाँलाई सहयोग गर्दै आउनुभएको छ। एक महिना पहिले उहाँले सिमी, काँक्रो, रामतोरियालगायतका तरकारी रोप्नुभएको थियो। बन्दाबन्दीको समय भएकाले अहिले तरकारीखेतीका लागि आवश्यक कतिपय सामग्री भन्नासाथ उपलब्ध नभएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो- जति उपलब्ध छन् त्यसैबाट र बाँकी कतिपय आवश्यकताहरु युट्युबबाट सिकेर पनि गरिरहेको छु।

कालिमाटीका सुयोग कर्माचार्यले छतमा गमला र केही बोरामा तरकारी रोप्न थाल्नुभएको छ। केही समय पहिलेसम्म नेपालस्थित एउटा विदेशी दूतावासमा कार्यरत उहाँ सेवानिवृत्त भएपछि कौसीखेतीमा आकर्षित हुनुभएको हो। पहिले उहाँ गमलामा तरकारीमा इस्कुस, चतरा र पूजा गर्नका लागि केही फूलमात्रै रोप्ने गर्नुभएको थियो। बन्दाबन्दीपछि भने उहाँले गुठी संस्थाद्वारा सञ्चालित तालिममा सहभागी भएर धेरै कुरा सिक्नुभयो। पहिले केही रोप्न खोजे पनि मर्ने र मरेपछि किन मऱ्यो भन्ने थाहा नभएको उहाँले बताउनुभयो। अहिले फेसबुकमा कौसीखेती समूह रहेको र सोही समूहबाट पनि धेरै कुरा सिक्न र आपसमा बाँड्न सकिन्छ। यो खेतीलाई आगामी दिनमा पनि निरन्तरता दिने उहाँको योजना छ। उहाँले भन्नुभयो- थोरै फलाउन सक्दा पनि त्यसले सन्तोष दिने रहेछ अनि आफ्नै घरमा फलेको भनेपछि त्यसको महत्व पनि बेग्लै हुन्छ।

तरकारी रोप्दा होस् वा त्यसको हेरचाहका लागि माटो चलाउँदा त्यसले कर्माचार्यको मनमा शान्ति र आनन्दको महसुस गराएको छ। कौसीमा फलाएको तरकारीले निर्वाह नभए पनि आफैँले फलाएर खाँदा त्यसको महत्व विशेष हुने उहाँले बताउनुभयो। सबै सामग्री जुटाएर रोप्दादेखि फलाउँदासम्म किन्न बराबर लागे पनि आफैँले फलाएर खाँदा छुट्टै मज्जा आउने र बिनाविषादी फलाउने भएकाले स्वास्थ्यका लागि पनि राम्रो हुने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो- आफ्नो मेहनत परेपछि त्यो पक्कै मिठो हुन्छ, कौसीमा फलेका तरकारी लिँदा त्यस्तै आनन्द हुन्छ।

बन्दाबन्दीको समयमा ललितपुर महानगरपालिकाले वडा कार्यालयहरुले मल र तरकारीको बीउ वितरण गरिरहेका छन्। महानगरले चक्रपथभित्रका वडामा कौसीमा रोप्न सकिने तरकारीका बीउ वितरण गरिरहेको हो। बन्दाबन्दीकै समयमा गुठीलगायतका संस्थाले पनि शहरी क्षेत्रका बासिन्दालाई तरकारीखेती, फूलखेती, प्राङ्गारिक मल बनाउने तरिकाका बारेमा सिकाएको छ। यो समयमा तरकारी बाहिरबाट आउने, नआउने टुङ्गो नहुने, बजारमा किनेर ल्याउँदा पनि सङ्क्रमणको जोखिमलगायतका कारणले पनि उपत्यकावासीमा एक दुई छाक भए पनि आफैं फलाउनुपर्छ भन्ने आएको हो। पहिले भित्री भागमा मात्रै जग्गाको अभाव थियो। अहिले नयाँ बनेका नगरपालिकामा समेत थोरै जग्गामा घर बनिरहेकाले तरकारी फलाउने करेसाबारी कम हुँदै गएको छ। यस क्षेत्रमा पनि विस्तारै स्थानीयवासी तरकारीखेतीमा आकर्षित भइरहेका छन्।

शहरी क्षेत्रको खानेपानी र सरसफाइका क्षेत्रमा काम गरिरहेको गुठी संस्थाका संयोजक प्रकाश अमात्यले बन्दाबन्दीले धेरैलाई कौसीखेतीप्रति आकर्षित गरिरहेको बताउनुभयो। कौसीखेतीले एकातिर रोप्ने व्यक्ति र उसको परिवारले ताजा तरकारी खान पाउने र अर्कातर्फ फोहर व्यवस्थापनमा नगरपालिकालाई सहज हुने बताउनुभयो। कौसीखेतीमा घरबाट निस्किने फोहर कम्पोष्ट मलका रुपमा प्रयोगमा आउँछ। उपत्यकामा जम्मा फोहरमध्ये ४० प्रतिशत त कुहिने खालको फोहर नै हुने भएकाले घरधनी सबैले कौसीखेती गर्दा त्यो फोहर मलका रुपमा प्रयोग हुने र घरबाट बाहिर निस्कन नपाउने उहाँले बताउनुभयो। चालीस प्रतिशत कुहिने फोहर घरमै तरकारीमा प्रयोग हुने र ३० प्रतिशत कवाडीमा पठाउँदा आधाभन्दा बढी फोहर कम हुने उहाँको तर्क छ। उहाँले भन्नुभयो- यसले गर्दा हाम्रो ल्याण्डफिल साइट लामो समयसम्म प्रयोग गर्न सकिन्छ।

गुठीले बन्दाबन्दीपछि झण्डै १५० लाई प्रत्यक्षरुपमा तालिम दिएको थियो। सो भिडियो अरु धेरैले हेरिरहेको उहाँले बताउनुभयो। संस्थाले केही वर्ष पहिलेदेखि टोलटोलमा महिला समूहमार्फत कौसीखेतीको तालिम सञ्चालन गर्दै आएको थियो। अहिले बन्दाबन्दीको समय भएकाले इन्टरनेटको प्रयोगमार्फत 'जुम' प्रविधिमर्फत तालिम सञ्चालन भएको संयोजक अमात्यले बताउनुभयो। बन्दाबन्दीले कौसीखेतीलाई व्यापक बनाउन सहयोग पुगेको उहाँको भनाइ छ। पहिले पहिले घरमै बस्ने गृहिणी कौसीखेतीमा सहभागी भए पनि अहिले जागिरे वा व्यापारलगायतका कामका लागि सामान्य अवस्थामा घर बाहिर हुनेहरु पनि यसमा सहभागी भइरहेका छन्। बन्दाबन्दीकै बीचमा कतिपयले आफूले फलाएको तरकारी खान थालेको पनि फोटो शेयर गरिरहेको उहाँले बताउनुभयो। अहिले समय समयमा वर्षा भइरहेकाले पनि पानीको समस्या छैन। घरमा रोपेको तरकारी घरकै फोहरबाट कम्पोष्ट मल हाल्दा खानका लागि स्वस्थ हुने उहाँले बताउनुभयो। घरमै फलाएका तरकारी खान स्वस्थ र थोरै भए पनि तरकारी किन्न खर्च बचाउनेछ। यसलाई निरन्तरता र व्यापक बनाउन सके तरकारीमा आत्मनिर्भर हुने उहाँको भनाइ छ। उहाँले भन्नुभयो- सबै तहको सरकारले यसलाई कसरी प्रोत्साहन गर्ने भन्ने सोच्नुपर्छ, यसबारेमा सरकारले नीति नै बनाएर कार्यान्वयनमा ल्याए अझै राम्रो हुनेछ।

सरकारको नीति तथा कार्यक्रममा समेटिएको कौसीखेतीको विषयलाई सरकारले बजेटमार्फत पनि समेट्नुपर्ने यस क्षेत्रमा कार्यरत व्यक्तिहरु बताउँछन्। बन्दाबन्दीका समयमा आवश्यक सामग्री, बीउ र मलको आपूर्ति सहज नभएकाले यसलाई सहज बनाउनुपर्ने खाँचो छ। स्थानीयस्तरमा काम गर्ने स्थानीय सरकारले वडा कार्यालयमार्फत कौसीखेती विस्तारका लागि योजना बनाउनुपर्ने स्थानीयवासी बताउँछन्। यस खेतीमा लागेका सबै व्यक्तिको भनाइ छ, अब खेतबारीमात्र होइन कौसी पनि बाँझो राख्नुहुँदैन।



झापाको बिर्तामोड-३स्थित विराटपोखरीको स्तोरोन्नतिको क्रममा मूलद्वारसँगै घेराबारा निर्माण कार्य गरिँदै । पर्यटकीय आकर्षण केन्द्रको रुपमा विकास गर्ने उद्देश्यले पोखरीको घेराबारा तथा सरसफाईको कार्य भइरहेको बताइएको छ । महाभारतकालिन ऐतिहासिक महत्व बोकेको यो पोखरी चार विगाह क्षेत्रफलमा फैलिएको छ । **तस्वीरः रत्नबहादुर बस्नेत/पूर्वाञ्चल**

# बुद्धशान्ति क्वारेन्टाइनमा उच्च सतर्कता

**शान्तिनगर, जेठ २२।** झापाको बुद्धशान्ति गाउँपालिकाले बनाएको दुई वटा क्वारेन्टाइनमा उच्च सतर्कता अपनाइएको छ । भारत र नेपालकै विभिन्न ठाउँबाट घर फर्किएकाहरु उक्त क्वारेन्टाइनमा राखिएको छ । क्वारेन्टाइनमा रहेकामध्ये पाँच जनामा कोरोना भाइरस पोजेटिभ देखिएपछि उच्च सतर्कता अपनाइएको हो । क्वारेन्टानइमा बस्ने ५ जना संक्रमितहरु ताप्लेजुङका ३, पाँचथरका १ र झापा बिर्तामोडका १ जना रहेका छन् ।

एउटै क्वारेन्टाइनमा बस्नेमध्ये ५ जनाको कोरोना पोजेटिभ आएकोले शुरुमा पीसीआर नेगेटिभ आएकाहरुलाई फेरी परीक्षण गरेर मात्रै घर पठाउने तयारी गरिएको स्वास्थ्य शाखाका प्रमुख भोला अधिकारीले जानकारी दिए । सुरक्षाका विषयमा पनि क्वारेन्टाइन व्यवस्थापन समितिले विशेष ध्यान दिइरहेको बताइएको छ । सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, व्यवस्थापन समिति र जनप्रतिनिधिको २४ सै घण्टा निगरानी हुने भएकोले बुद्धशान्तिका स्थानीयहरु डराउनु पर्ने स्थिति नरहेको बुद्धशान्ति गाउँपालिका उपाध्यक्ष मीरा भूर्तेलले बताइन् ।

बुद्धशान्ति गाउँपालिकाले बनाएको क्वारेन्टाइनमा थप हुने मानिसहरुको संख्या बढ्दै गएपछि पुनः अर्को क्वारेन्टाइन थप गरिएको छ । अहिले सीतारमेश बहुमुखी क्याम्पसलाई पनि क्वारेन्टाइन बनाइएको क्वारेन्टाइन ब्यवस्थापन समितिका संयोजक भीमकुमार नेवारले जानकारी दिए । क्वारेन्टाइन बस्नेहरु बढी हुँदा कोरोना संक्रमण हुने सम्भावना उच्च हुने भन्दै क्वारेन्टाइन थप गरिएको हो । २ वटा क्वारेन्टाइनमा हाल १४१ जना छन् । क्वारेन्टाइनमा बस्ने बुद्धशान्तिका स्थानीय र पूर्वी पहाडी जिल्लाका मानिसहरु रहेका छन् । बुद्ध आर्दश माध्यमिक विद्यालयको क्वारेन्टाइनमा १३३ र सीतारमेश बहुमुखी क्याम्पसको क्वारेन्टाइनमा ८ जना छन् । भारतबाट आएका र काठमाडौ लगायत अन्य क्षेत्रबाट आएकाहरुलाई छुट्टाछुट्टै कोठामा राखिएको छ । बुद्धशान्तिमा नयाँ थपिनेलाई सीतारमेशको क्वारेन्टाइनमा राखिने व्यवस्था मिलाइएको छ ।



बिर्तामोडका ति पुरुष शुरुमा आफ्नो ठेगाना बुद्धशान्ति-४ भनी ढाँटेर क्वारेन्टाइनमा बसेको तर पछि उनी बिर्तामोडका भन्ने प्रमाणित भइसकेको क्वारेन्टाइन व्यवस्थापन समितिका सदस्य चन्द्र कोइरालाले बताए । बुधबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिडिया ब्रिफिङका क्रममा बुद्धशान्तिका-१ जनालाई कोरोना भाइरस पोजेटिभ भनेपछि केही समय बुद्धशान्तिवासीमा अन्योल सृजना भएको थियो । पछि फेरी रिपोर्ट जुधाएर हेर्दा अघिल्लो चोटी पोजेटिभ आएका बिर्तामोडका ती युवाको रिपोर्टलाई मन्त्रालयले दोहोर्‍याएका कारण मन्त्रालयको गल्ती भएको बताउँदै बुद्धशान्तिमा थप कोरोना पोजेटिभ नभएको आरआरटी सदस्य मनेष दाहालले बताए ।

बुद्धशान्ति क्वारेन्टाइनमा कोरोना पोजेटिभ देखिएपछि गाउँपालिका र मातहतका कार्यलयहरुबाट दिइने अति-आवश्यक बाहेक अन्य सेवा भने बन्द गरिएको गाउँपालिका अध्यक्ष रमेशकुमार भुजेलले बताए । भाइरसका कारण देश लकडाउनमा भएता पनि बुद्धशान्तिका विभिन्न सामाजिक संघ-संस्था, क्लब, पार्टीहरु एकजुट भएर कोरोनाको विरुद्ध लागेको बताउँदै बुद्धशान्तिको क्वारेन्टाइनमा केही व्यक्तिगत सहयोगमा खाने खुवाउने अभियान पनि सञ्चालन भइरहेको अध्यक्ष भूजेलले बताए । गाउँपालिकाले स्थापना गरेको कारोना कोषमा पनि विभिन्न संघ-संस्थाले सहयोग गरेकोमा सम्पूर्णलाई धन्यवाद दिँदै आगामी दिनमा अझ एकजुट भएर कोरोना विरुद्ध लाग्न र गलत अपवाफ नफैलाउन अध्यक्ष भूजेलले बुद्धशान्तिबासीलाई अनुरोध गरेका छन् ।

## लागूऔषधसहित चार जना पक्राउ

**झापा, जेठ २२।** देवाही गोनाही नगरपालिका-८ गोनाही चोकबाट करिब २० किलो लागूऔषध गाँजासहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा मकवानपुर हेटौंडा उपनगरपालिका-११ थानाभन्‍याङ बस्ने २७ वर्षीय निरज लामा, कैलास गाउँपालिका-९ कुमलटार बस्ने २८ वर्षीय बिशाल लामा, हेटौंडा उपमहानगरपालिका-१२ पदम पोखरी बस्नेहरु सागर लामा र अंकित लामा रहेका छन् ।

इलाका प्रहरी कार्यालय देवाही गोनाही रौतहटबाट खटिएको प्रहरीले मौलापुरबाट जयनगरतर्फ जाँदै गरेको बा.६४ प ९३०७ र ना.४५ प ६३९८ नम्बरको मोटरसाइकललाई जाँच गर्दा मोटरसाइकलमा सवार उनीहरु ४ जनाको साथमा ४ वटा झोलामा रहेको उक्त लागूऔषध गाँजा फेला पारी पक्राउ गरेको हो ।

## आफ्नै दाजुको हत्या

**रुपन्देही, जेठ २२।** कुटपिटबाट आफ्नै दाजुको हत्या गरेको अभियोगमा गैडहवा गाउँपालिका-२ पडौरा बस्ने १९ वर्षीय शिवचन्द केवटलाई प्रहरीले पक्राउ गरेको छ ।

शिवचन्दले मादक पदार्थ सेवन गरी सामान्य विवादमा बाँसको चिर्पटले दाजु २५ वर्षीय जवाहिर केवटलाई टाउकोमा हान्दा गम्भीर घाइते भएका थिए । तत्काल उपचारको लागि लोण्डिया स्वास्थ्य क्लिनिक लगेकोमा थप उपचारको लागि सुविधा सम्पन्न अस्पतालतर्फ लैजान क्लिनीकले सुझाव दिएपछि फर्काएर लैजाने क्रममा बाटोमै उनको मृत्यु भएको थियो ।

## दुर्घटनामा दुई जनाको मृत्यु

**काठमाडौं, जेठ २२।** दैलेख गुँरास गाउँपालिका-४ घोडाबासमा ना.५ ख १६८५ नम्बरको बस सडकबाट करिब ३ सय मिटर तल खसेर बुधबार साँझ दुर्घटना हुँदा चालक कन्चनपुर भिमदत्त नगरपालिका-५ बस्ने ४५ वर्षीय कल्याण सिंह बोहराको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका सहचालक सोही ठाउँ बस्ने ३५ वर्षीय जयराज अवस्थीलाई उपचारको लागि सुर्खेततर्फ पठाइएको छ ।

त्यस्तै दाङ घोराही उपमहानगरपालिका-३ मसोटस्थित सडकमा टिबी ०५ डब्लु ७७३३ नम्बरको भारतीय नम्बर प्लेटको ट्रकले रा.४प ४१६६ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा दुबै सवारी साधन बाटोबाट करिब १५ मिटर तल खसी दुर्घटना हुँदा ट्रक चालक भलदेव सिंहको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार २ जना र ट्रकका सहचालकलाई उपचारको लागि राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीतर्फ पठाइएको छ ।

## किसानलाई बंगुरका पाठा वितरण

**बिर्तामोड, जेठ २२।** बिर्तामोड नगरपालिकाले सञ्चालन गरेको मेयर पकेट प्याकेज ग्रामीण बंगुरपालन कार्यक्रम अन्तर्गत बडा नं. ६ स्थित सन्देश महिला बंगुरपालन समूहबाट प्राप्त बंगुरका पाठा बडा नं. २ स्थित सोमबारे अगुवा बंगुरपालन समूहलाई प्रदान गरिएको छ ।

०७५ सालमा नगरपालिकाले सन्देश महिला बंगुरपालन समूहका प्रत्येक सदस्यलाई २ बटाका दरले ३० बटा बंगुरका पाठा बितरण गरेको थियो । यसरी सो समूहबाट उपहार स्वरुप प्राप्त बंगुरका पाठा नगर उपप्रमुख पबित्रा महतारा प्रसाई, बडा नं २ का अध्यक्ष नगेन्द्र संग्रौलाले समूहका सदस्यलाई हस्तान्तरण गरेका थिए ।

सो कार्यक्रम अन्तरगत बंगुरका पाठासहित बिमा, खोर निर्माण र औषधोपचार सुबिधा समेतका सुबिधा रहेको बिर्तामोड नगरपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाका प्रमुख साबित्राकुमारी दाहालले जानकारी दिइन् ।



## किसानलाइ गाई बितरण

**इलाम, जेठ २२।** गरीबसँग बिश्वेश्वर कार्यक्रम अन्तर्गत इलामको रोङ गाउँपालिकाका ८ जना किसानलाई गाई बितरण गरिएको छ ।

गाई ब्याएपछि एउटा बाछी समूहलाई फिर्ता गर्ने गरी निःशुल्क गाई बितरण गरिएको हो । यसरी निःशुल्क गाई पाउने किसानहरुमा रोङ-६का बिष्णुकुमार राई, जीवन राई, इन्द्रकुमार लिम्वू, सपना राई (लिम्बू), दिलबहादुर लिम्बू, शान्ति राई, लक्ष्मी देबी बिश्वकर्मा र डोलकुमारी तामाङ्ग रहेका छन् । रोङ गाउँपालिका वडा नं ६को कार्यालयमा एक कार्यक्रम गरी गाई बितरण गरिएको हो ।

रोङ गाउँपालिकाका कार्यपालिका सदस्य सुमित्रा योञ्जनको प्रमुख आतिथ्य, रोङ पशु शाखा प्रमुख मिग्मा रिन्जी शेर्पाको उपस्थितिमा किसानहरुलाई गाई बितरण गरिएको गरीवसँग बिश्वेश्वर कार्यक्रमकी सामाजिक परिचालक अञ्जना राईले बताइन् । समूह र कार्यक्रम अन्तर्गत बिभिन्न मापदण्डको आधारमा किसानहरुको छनौट गरिएको बताइएको छ ।

## भारतमा यातायात सञ्चालन हुँदा सयौं नेपाली भित्रिए

**झापा, जेठ २२।** भारतमा सार्वजनिक यातायात सञ्चालन भएसँगै काँकरभिट्टा नाकाबाट दैनिक सयौं नेपाली स्वदेश प्रवेश गरिरहेका छन् ।

भारतका विभिन्न स्थानमा रोजगारीमा गएकाहरु रेल, बस र हवाईजहाजको माध्यमबाट सीमासम्म आइपुगेकाले उनीहरुलाई सुरक्षितरूपमा उद्धार गरेर मेचीनगर नगरपालिकाले सुरक्षाकर्मी र स्थानीयवासीको सहयोगमा सम्बन्धित जिल्लासम्म पठाउने काम गरिरहेको नगरप्रमुख विमल आचार्यले बताए ।

उनले भने- लकडाउन भइसकेपछि सीमा क्षेत्रमा अलपत्र भएका नेपालीलाई उद्धार गरी गन्तव्यसम्म सुरक्षितरूपमा पुर्‍याउनु हाम्रो दायित्व हो । काँकरभिट्टा नाकाबाट यति धेरै नेपाली आउनु भयो कि उहाँहरुलाई राख्न होल्डिङ सेन्टर बनाउनुपर्‍यो । उनले उनीहरुलाई आ-आफ्नो प्रदेश र जिल्लासम्म पुग्नका लागि यातायातको साधनलाई सवारी पाससहित व्यवस्था गरेको बताए । सो काम जिल्ला समन्वय समिति र जिल्ला प्रशासनसँगको समन्वयमा गरेको बताउँदै ७७ जिल्लाकै नागरिकलाई सहयोग पुर्‍याउने जिम्मेवारी आउँदा कतिपय काम सोचेजस्तो हुन नसकेको उनले जानकारी दिए ।

एउटा नगरपालिकाले मात्र सबै गर्न सम्भव हुँदैन- उनले भने तैपनि हामी जिम्मेवारीबाट कहिल्यै पन्छिएनौं, भागेनौं, निरन्तर काममा लागिरहेका छौं नगरप्रमुख आचार्यले प्रदेश नं. १ मा रहेको पीसीआर परीक्षण गर्ने तीन प्रयोगशालामध्ये एउटा बिग्रिएकाले रिर्पोट आउन ढिला हुँदा समस्या भइरहेको बताए । लामो अवधि होल्डिङ सेन्टरमा राख्न सकिने अवस्था नरहेको बताउँदै कतिपय नागरिकलाई सम्बन्धित जिल्लाकै क्वारेन्टिनमा राखेर पिसीआर परीक्षण गर्ने भन्दै पठाउनुपर्ने बाध्यतासमेत रहेको उनको भनाइ छ ।


**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्याष्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङक्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई


**हिजोको सूनचाँदीको भाऊ**

| | |
|---|---|
| छापावाला सुन | ७७,०००।- |
| तेजावी सुन | ७६,७००।- |
| असल चाँदी | ७२५।- |



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अरूका लागि बुद्धि र समय खर्चनुपर्ला । तापनि, लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ । काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आगन्तुकले व्यर्थैमा अलमल्याउन सक्छन् । प्रतीक्षित नतिजा प्राप्त गर्न काम दोहोर्‍याउनुपर्ला । स्वास्थ्यका कारण लक्ष्यमा पुग्न केही विलम्ब हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** भोजलगायत विशेष खानपानको अवसर प्राप्त भए पनि स्वास्थ्यका लागि अलि सजग रहनुपर्ला । रोकिएका काम पुनः शुरु हुन सक्छन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समयमा होस नपुग्नाले आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ । अवसरका लागि केही दौडधुप गर्नुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ । भैपरी आउने खर्च बढे पनि यात्राको प्रक्रिया अघि बढाउन सकिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** फाइदा नगण्य उठे पनि स्वाभिमानको रक्षा गर्न सफल भइनेछ। दिगो आम्दानी हुने काम फेला पार्न सकिनेछ । आस मारेको कामले उत्साह जगाउनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** प्रयत्न गर्दा व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । श्रमको उचित मूल्यांकन हुनेछ । सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आम्दानीका विभिन्न स्रोत देखिए पनि लगानीतर्फ लागत बढ्नेछ । कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आफ्नो लाभांशमाथि अरूले दाबी(विरोध गर्न सक्छन् । अरूको मुख ताक्ने बानीले पनि अलि पछि परिनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रतीक्षा गरिएको काम बन्नेछ भने उठ्नुपर्ने रकम पनि हातलागी हुनेछ । भविष्यका लागि भने कामको जग बसाउने मौका छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । आँटले कीर्तिमानी दिलाउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** अरूको प्रभावमा परिने हुँदा गोपनीयता भंग हुन सक्छ । आफ्ना कमजोरी भरसक बाहिर सार्वजनिक नगर्नुहोला ।